खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक
२०८२ माघ १५ गते बिहीबार (Thursday 29 Jan 2026)
www.khabarnagarik.com

# रुपन्देही–३: ३६ उम्मेदवारले १ लाख ४० हजार मतदातालाई भेट्दै




**खबर नागरिक**

भैरहवा ।

रुपन्देही जिल्लाको भैरहवामा अहिले चुनावी अभियानले तिब्रता लिएको छ । रुपन्देहीको क्षेत्र नम्बर ३ अन्तर्गत पर्ने यहाँ १ पदका लागि ३६ जनाको उम्मेदवारी छ । जसमा १७ जना स्वतन्त्र रुपमा र १९ जनाले राजनैतिक दलबाट उम्मेदवारी दिएका छन । भाषणमा समावेशीको कुरा गर्ने नेताहरुले भने यहाँ २ जना मात्र महिलालाई उम्मेवार बनाएका छन । नागरिक उन्मुक्ति पार्टी नेपालबाट नन्द कुमारी थापा र स्वतन्त्रबाट अन्जना चौधरी थापा मात्रै महिला उम्मेदवारको रुपमा छिन । मुख्य दलहरुकसैले महिलालाई अगाडि सारेका छैनन ।

उम्मेदवारको अन्तिम नामावली आएपछि उम्मेदवारहरु चुनावी प्रचारको पूर्वतयारीका कामहरू धमाधम गरिरहेका छन । कार्यकर्ता भेटघाट, समिति निर्माण, आर्थिक सङ्कलनलगायत काममा दल र उम्मेदवारहरू लागेका हुन ।

मुख्य दलहरु मध्ये नेकपा एमालेबाट बासुदेव घिमिरे चुनावी मैदानमा उत्रेका छन । तिलोत्तमा मेयरको रुपमा एक कार्यकाल र रुपन्देही क्षेत्र नम्बर ५ बाट प्रतिनिधी सभा सदस्य जितेका उनी अहिले गृह क्षेत्रबाट उम्मेदवारी दिएका छन ।

यस्तै नेपाली कांग्रेस क्षेत्रीय सभापति सुशील गुरुङ पनि उम्मेदवारको रुपमा छन । विद्यार्थी राजनीतिबाट खारिएर आएका अनुभवी गुरुङ समाजसेवी नेताका रुपमा परिचित छन् । संगठन निर्माण, लोकतान्त्रिक आन्दोलन र सामुदायिक सेवामा निरन्तर योगदान दिएकाउनले शिक्षा, स्वास्थ्यका बारेमा अवगत छन ।

यस्तै नेपाली कम्युनिष्ट पार्टीबाछ फैज अहमदको उम्मेदवारी छ, २०७४ सालमा स्थानीय निर्वाचनमा सिद्धार्थनगरको नगर प्रमुखको उम्मेदवारी दिएका उनलाई पार्टीले अहिलेको अवस्थामा संसदीय चुनाबमा उतारेको छ । स्थानीय र शालिन रुपमा देखिने फैजले यस क्षेत्रमा सामाजिक रुपमा योगदान दिदै आएका छन । शिक्षा क्षेत्रमा पनि उनको लगाव रहेको उनले यस क्षेत्रको विभिन्न योजनाहरु सहित मैदानमा उत्रेका छन ।

यस्तै राष्ट्रिय स्वतनत्र पार्टीबाट यस क्षेत्रमा डा. लेखजंग थापाको उम्मेदवारी छ । डाक्टर समेत रहेका उनले यही क्षेत्रबाट स्वास्थय सेवा दिइरहेकै बेला राजनितिमा प्रवेश गरेका हुन । स्वास्थ्यमा राम्रो परिचय बनेकोले सुशासन, सामाजिक न्यायका लागि उनले गृह क्षेत्रबाट नै उम्मेदवारी दिएका छन । यस अघि यहाँ हुने उपनिर्वाचनका लागि पनि उनकै उम्मेदवारी तय भएको थियो ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीबाट क्याप्टेन गौरब बोहराको उम्मेदवारी रहेको छ । पूर्वमन्त्री स्व. दिपक बोहराको जेष्ठ सुपुत्रको रुपमा रहेका उनले बुवा विरासतलाई कसरी अगाडि बढाउने भन्नेका कसरत गरिरहेका छन । उडडयन क्षेत्रमा ठूलो योगदान दिएका उनले यस क्षेत्रको विकासमा पनि योगदान दिनुपर्छ भनेर निर्वाचनमा होमिएका छन । २०५६ सालदेखि निरन्तर राप्रपामा आबद्ध रहँदै आएका उनले आफ्नो पेसासँगै पार्टी संगठन जोगाउन स्थानीय तहमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन ।

यस्तै जनता समाजवादी पार्टी नेपालबाट श्रीनिवास यादवलाई उम्मेदवार बनाइएको छ । लोसपा र जसपाको एकीकरण पछि यहाँ यादवलाई उम्मेदवार बनाइएको हो । यादव पार्टीका केन्द्रीय सदस्य हुन भने २०७४ सालको निर्वाचनमा रुपन्देही ४ बाट प्रदेश सभा सदस्यको उम्मेदवार बनेका थिए ।

यस्तै जनमत पार्टीले यहाँबाट युवा विशाल गुप्तालाई उम्मेदवार बनाएको छ । नेपाल मजदुर किसान पार्टीले सुग्रिम चाई, राष्ट्रिय जनमोर्चाबाट बद्रे आलम मुसलमान, प्रगतिशील लोकतान्त्रिक पार्टीका गोविन्द प्रसाद काराखेतीको उम्मेदवारी छ । यसका अलावा १७ जनाको स्वतन्त्र उम्मेदवारी छ, विगतमा अन्य पार्टीमा रहेका केही उम्मेदवार बागीको रुपमा पनि उम्मेदवारी दिएका छन ।

अहिले अधिकांस उम्मेदवारहरु मतदाताको घर घर गएर मनभाव बुझ्ने प्रयास गरिरहेका छन । घोसणा पत्र कसरी बनाउने भन्नका लागि पनि उनीहरु जनताको समस्या बुझ्न जरुरी रहन्छ त्यसका लागि आन्तरिक रुपमै घर घर धाइरहेका छन । समस्या पहिचान र मुद्दाहरूको पहिचान गरी त्यसलाई सम्बोधन गर्नेगरी घोषणापत्र र प्रतिबद्धतापत्र बनाउने काम, सम्पर्क कार्यालय स्थापना, कार्यकर्तालाई भेटघाट बनाउने काम भइरहेको छ । पार्टीहरुले निर्वाचन परिचालन समिति नै गठन गरी र प्रचारप्रसारको तयारीबारे कार्ययोजना बनाइरहेका छन । निर्वाचन परिचालन, स्वयंसेवक, आर्थिक सङ्कलन समिति लगयतका सबै खाले आन्तरिक तयारी पूरा गरेर प्रचारमा लाग्ने योजनामा छन ।

कुनै कुनै पार्टीबाट बागी उम्मेदवार पनि उठेकाले ति उम्मेदवारी र स्वतन्त्रलाई कसरी लैजाने भन्नेमा पनि कसरत भइरहेको छ । २०७९ सालको निर्वाचनमा यस क्षेत्रबाट बहाल गृहमन्त्री बालकृष्ण खाँणलाई राप्रपाका उम्मेदवार दीपक बोहराले पराजित गरेका थिए । बोहराले २०७४ मा पनि काग्रेससँग र २०७९ मा एमालेसँग तालमेल गरेर निर्वाचन जितेका थिए । बोहोरा ३६,७१७ मत ल्याएर विजयी भएका थिए । खाणले ३४,०३६ मत प्राप्त गरेका थिए । सांसद बोहोराको २०८१ चैत ११ गते निधन भएपछि यहाँ रिक्त भयो । २०७९ को समानुपातिकतर्फ यस क्षेत्रमा कांग्रेसले २०,२७८, एमालेले १६,९८६ र रास्वपाले १४,१५४ मत पाएका थिए । प्रत्यक्षतर्फ जितेको राप्रपाले समानुपातिकमा ९,१८३ मत प्राप्त गरेको थियो ।

५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा अगामी निर्वाचनका लागि ६ लाख ७२ हजार ५ सय २३ मतदाता छन जसमा रुपन्देही ३ बाट १ लाख ४० हजार ३५ जना रहेका छन । ४६ वटा मतदान स्थल रहेको यहाँ १ सय ५७ वटा मतदान केन्द्र रहेका छन । यो निर्वाचन क्षेत्रमा ओमसतियाको २, तिलोत्तमाको १३ र १४ बुटवलको १४ देखि १९, मायादेवीको ७ र ८, शुद्धोधनको १ देखि ७, सिद्धार्थनगरको १देखि १३ र सियारीको १,२,३,६,र ७ वडा पर्छन ।